## माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड:७ संख्या:९ मिति: २०८०/१२/१४**


**भाग २**

**माण्डवी गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र माण्डवी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमका कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८० सालको कार्यविधि नं. ४**

## उपाध्यक्षसंग लक्षित वर्ग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्थानीय सरकारप्रति जनताको अपेक्षा र चाहनाको अभिवृद्धि संगै जनताका आधारभुत आवश्यकता परिपूर्ति गर्ने तर्फ स्थानीय सरकारले विविध कार्यक्रम संचालन गरिरहेको छ । बदलिदो परिवेश र समावेशी लोकतन्त्रका मुल मर्मलाई आत्मसाथ गर्दै राज्यको मुल प्रवाहमा सवै जाति क्षेत्र लिङ्ग र वर्णलाई सहभागितामुलक प्रकियाबाट सशक्तिकरण गर्न "**उपाध्यक्षसंग लक्षित वर्ग**

**कार्यक्रम कार्यन्वयन कार्यविधि २०८०"** तयार पारि लागु गर्न आवश्यक भएकाले यो कार्यविधि बनाई लागु गरिएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ (१) को कार्यविधिको नाम **"उपाध्यक्षसंग लक्षित वर्ग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० "** रहेको छ।

२.यो कार्यविधि  माण्डवी गाउपालिका गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ।

३.परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**,**

क) **"अध्यक्ष"** भन्नाले माण्डवी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ख) **"कार्यपालिका"** भन्नाले माण्डवी गाउ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) **"उपभोक्ता समिति"** भन्नाले आयोजना कार्यन्वयन स्थलका आयोजनामा प्रभावित समुदायबाट गठित आयोजना सम्पन्न गर्ने जिम्मेवार समितिलाईं सम्झनु पर्दछ।

घ) **"सामाजिक विकास"** समिति भन्नाले माण्डवी गाउँपालिका गाउँकार्यपालिकाले गठन गरेको समिति सम्झनु पर्नेछ।

ङ) **"लक्षित वर्ग"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ।

च) **"असहाय,अनाथ"** भन्नाले कसैको संरक्षण नभएका बालबालिका**,** महिला वा जेष्ठ नागरिक समेतलाई सम्झनु पर्दछ।

**परिच्छेद २**

**आयोजना संचालनका ढांचा र क्षेत्रहरु**

४. उपाध्यक्षसंग लक्षित वर्ग कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्नका लागि माण्डवी गाउँपालिकाले तपसिल बमोजिम लक्षित वर्ग अन्तर्गत महिला, वालवालिका, अपाङ्गता भएका ब्यक्ति, ज्येष्ठ नागरिक, युवा र एकल महिला तथा दलित आदिवाशी जनजाति लगायत तोकिएका अन्य विपन्न वर्गहरुको शसक्तिकरणका क्षेत्रहरुमा कार्यक्रम तय गरि संचालन गर्न सक्नेछ ।

क) लक्षित वर्गको आर्थिक सशक्तिकरण, उद्यमशिलता प्रवर्दन / रोजगारी सिर्जना मार्फत उत्पादन अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने

ख) लक्षित वर्गका महिला बालबालिका,जेष्ठ नागरिक अल्पसंख्यक समुदाय,अभिभावक बिहिन बालबालिका, द्धन्द्ध पिडित, दलित,अपाङ्ग, व्यक्तिहरुको शिक्षाको पहूँच स्थापित गर्न तथा बालबालिकाको संरक्षक स्विकार गर्ने र सामुदायिक विद्यालयमा पठन पाठनका लागि सहयोग हुने कार्यक्रमहरु, स्वास्थ्य उपचारका लागि कडा रोग लागेका अत्यन्तै गरिव दलित र असहाय व्यक्तिलाई उपचारका लागि सहायता कार्यक्रम,

ग) सामाजिक समावेसीकरणः– गरिव,असाहय,द्धन्द पिडित, दलित सिमान्तकृत वर्ग र क्षेत्रको उत्थान गर्नका लागि मागमा आधारित कार्यक्रम

घ) गरिवी,असहाय जसको आवासका लागि घर नभएका समुदायको पहिचान गरि तिनीहरुको सुरक्षाका लागि घर निर्माणका लागि अनुदान दिने कार्यक्रम,विपद्का कारण घरबार विहिन भएका, मृत्यु भएका, वा गम्भिर प्रकृतिको चोट पटक लागेका व्यक्ति वा परिवारलाई विपद्को प्रभाव र जोखिमका आधारमा सहयोग वितरण कार्यक्रम**,** अपाङ्गता भएका ब्यक्तिहरुको लागी शौचालय निर्माण लगायत अन्य सुविधामुखी कार्यक्रम संचालन गर्ने

च) शिक्षाबाट वञ्चितमा परेका वालवालिकाको गाउँपालिकाले अभिभावकत्व लिई निशुल्क पठन पाठनका लागि आर्थिक श्रोतको सुनिश्चितता गरिदिने कार्यक्रमहरु**,**

छ) अपाङ्ग,वेवारिसे,द्धन्दपिडित घाईते वर्गलाई संरक्षण तथा सुरक्षा गर्नका लागि ति व्यक्तिको पहिचान ,संरक्षण र सुरक्षाका लागि विबिध कार्यक्रम संचालन गर्न सकिनेछ ।

## परिच्छेद ३

## आयोजना छनौट विधि वा प्रक्रिया

क) आयोजनाका लागि वजेटको सुनिश्चितताः –उपाध्यक्षसंग लक्षित वर्ग कार्यक्रमका लागि बजेट विनियोजन गाउँ सभाले गर्नेछ । संचालन गरिने कार्यक्रमहरुका लागी सार्वजनिक सुचना जारि गरी प्राथमिकताका आधारमा छनौट गरिनेछ।

ख) आयोजना छनोटका लागि कार्यविधिमा उल्लेखित लक्षित वर्गको हित अभिवृद्दिका विषयहरुलाई मध्यनजर गर्दै गाउँपालिका उपाध्यक्षले पहिचान गरेका, अनुगमनका क्रममा देखेका जनताका गुनासा र आवश्यकता तथा लक्षित वर्गको हित अभिवृदी गर्ने अति आवश्यक कार्यक्रम वा आयोजनाको छनौट गर्न सकिनेछ।

ग) आयोजना कार्यान्वयन विधिः जनताका आयोजनाहरु छनौट पश्चात आयोजना वा कार्यक्रम कार्यन्वयन गर्नका लागि प्रभावकारी र पारदर्शी ढंगले गर्न उल्लेखित विधि र संरचना निर्माण गरिनेछ।

क) उपभोक्ता समिति मार्फतः –निर्माण सम्बन्धी कार्यलाई उपभोक्ता समिति मार्फत गर्न सकिनेछ। उपभोत्ता समितिबाट कार्यक्रम कार्यान्वयन गर्दा माण्डवी गाउँपालिकाले लागु गरेको स्थानिय तहको उपभोत्ता समिति गठन , परिचालन तथा व्यबस्थापन सम्बन्धी काम कार्यविधिका आधारमा गरिनेछ।

ख) अमानत मार्फतः वेरोजगारि अन्त्य गर्नका लागि बेरोजगारी सुचिमा सुचिकृत लक्षित वर्ग अन्तरगतका स्वदेश तथा बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु समेतले आपसमा मिलि रु १ लाख सम्मको आयोजना वा कार्यक्रम अमानत मार्फत गर्न सकिनेछ।

ग) एकमुष्ट अनुदान मार्फतः गाउँपालिका उपाध्यक्ष वा माण्डवी गाउँ कार्यपालिकाले पहिचान गरि आवश्यकता ठानेका आयोजना संचालनका ढांचा र क्षेत्रहरुमा उल्लेखित विषयमा बस्तुगत, यथार्थपरक र स्थलगत अनुगमन गरि लक्षित वर्ग कार्यक्रम संचालन गर्न एकमुष्ट अनुदान दिन सकिनेछ । त्यसरी अनुदान प्राप्त गर्ने ब्यक्ति, परिवार वा समुदायले लागत साझेदारी गर्नुपर्नेछ र

एकमुष्ट अनुदानको रकम रु १ लाख भन्दा बढि वितरण गरिने छैन, कार्यक्रम कार्यान्वयनको सुनिश्चितता पश्चात भुत्तानी गरिनेछ ।

## परिच्छेद ४
## आयोजना कार्यक्रमको फर–फारक सम्बन्धमा

प्रचलित ऐन कानुनमा भएको ब्यवस्थाको पुर्ण पालना गरी देहाय अनुसार फर फारक गरिनेछ ।

क)प्रचलित सार्वजनिक खरिद ऐन, नियमावलीको अधिनमा रही निर्माण सम्बन्धी आयोजनाको भुक्तानी उपभोक्ता समिति गठन संचालन र कार्यान्वयन कार्यविधिले तोकेको विधि र प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

ख) अमानतबाट संचालित कार्यक्रमको भूक्तानी काम गर्ने श्रमिकहरुलाई बैक मार्फत भूक्तानी गरिनेछ, भुत्तानी भन्दा अगाडि वडा कार्यालयको कार्यक्रम सम्पन्नको सिफारिस, वेरोजगारहरुले गरेको कामका सम्बन्धमा सम्बन्धित कामदारहरुले खर्चको सार्वजनिकिकरण तथा सार्वजनिक सुनुवाई ,प्राविधिकको मुल्यांकन प्रतिवेदन,गाउँपालिकाको अनुगमन समितिको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ ।

ग) मागमा आधारित अत्यावश्यक सामान खरिद कार्यक्रमका लागि पुष्टाई गर्ने आवश्यक विल विजक भरपाई संलग्न कागजात वा प्रमाण सामाग्री हस्तान्तरणको प्रमाण समेतका आधारमा भुत्तानी दिइनेछ ।

## परिच्छेद ५
## अनुगमन/मूल्यांकंन

उपाध्यक्षसंग लक्षित वर्ग कार्यक्रम को प्रभाकारी कार्यन्वयनका लागि तपशिलका प्रतिनिधि रहने अनुगमन समिति रहने व्यवस्था गरिएको छ ।

१. सयोजकः– अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृतः सदस्य

३. सामाजिक विकास समितिः सदस्य

४. शिक्षा शाखा प्रमुखः  सदस्य

५. महिला वालवालिका शाखा प्रमुखः सदस्य

अनुगमन समितिले मासिक रुपमा महिना भरि गरेका कामको एकमुष्ट प्रतिवेदन गाउँकार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ भने वार्षिक प्रतिवेदन गाउँसभाको बैठकमा आयोजना वा कार्यक्रमको खर्चको अनुमोदन गराउनु पर्नेछ। अनुगमन समितिले दिएका रचनात्मक सुझाबलाई ग्रहण गर्दे उपाध्यक्षसंग लक्षित वर्ग कार्यक्रमलाई बढि जनमुखि प्रभावकारी र पारदर्शि बनाउदै अझै बढि परिस्कृत गर्दै लगिने छ।

**प्रमाणीकरण मिति: २०८०/१२/१४**

**आज्ञाले,**
**प्रकाश पाण्डे**
**प्रमुख प्रप्रशासकीय अधिकृत**